फोन नं. ४२११९९१,४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या:-
चलानी:-

## प्रेस विज्ञप्ती

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आ. ब. २०७६/७७ मा सम्पन्न भएका मुख्य मुख्य कार्यक्रम कोभिड -१९ का सम्वन्धमा मन्त्रालयले सम्पादन गरेका कार्यहरु र चालु आ.ब. २०७७/७८ का प्राथमिकताहरुका सन्दर्भमा मिति २०७७ भाद्र १४ गते आयोजित पत्रकार सम्मेलनमा माननीय मन्त्री श्री रामेश्वर राय यादवज्यूवाट सम्वोधन भएको संलग्न बमोजिमका व्यहोरा सरोकारवाला सवैको जानकारीका लागि यो प्रेस विज्ञप्ती जारी गरिएको छ साथै श्रम योग्य जनशक्तिको वैक्तिक विवरण प्राप्ति र अध्यावधिक श्रम बजारमा उपलब्ध रोजगारी र श्रमिकका योग्यता बारे जानकारी उपलब्ध गराउने उद्देश्यले Job portal सहित Job search र Job Exchange Center का रुपमा श्रमिक सूचना वैकको मा.मन्त्रीज्यूबाट website (WWW.LIB.GOV.NP) को उद्‍घाटन गरी शुभारम्भ गर्नु भयो । मन्त्रालयका सचिव श्री तोयम रायाबाट प्रारम्भ गरीएका उक्त कार्यक्रममा उठान भएका विषयलाई मन्त्रीज्यू र सचिवज्यूबाट जवाफ दिनुभएको थियो । कोभिड -१९ ले आन्तरिक एवं बैदेशिक रोजगारीमा पारेको प्रभाव, वैदेशिक श्रमिकहरुको उद्धार तथा व्यवस्थापनमा भएका प्रमुख कार्यहरु लगायत मन्त्रालयले सम्पादन गरेका समग्र कार्य प्रणालीका सन्दर्भमा साप्ताहिक रुपमा शुक्रवार प्रेस विज्ञप्ती मार्फत जानकारी एवं विवरण सार्वजनिकिकरण गरिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

मिति: २०७७ भाद्र १४

..............................
भरतमणी पाण्डे
सहसचिव एवं प्रवक्ता

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

आ.ब. २०७६/७७ मा सम्पन्न भएका मुख्य मुख्य कार्यक्रम एवं २०७७/७८ का प्राथमिकताहरुका सन्दर्भमा जारी गरिएको विवरण

१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तरगत सम्पादित कार्य

क) आन्तरिक रोजगार

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत७०१ स्थानीय तहमा ८२,६३८ जनाले रोजगारी प्राप्त गरेका छन् ।
- स्थानीय तहमा रोजगार ब्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा ल्याई नियमित स्तरोन्नती भइरहेको र ७५३ रोजगार सेवा केन्द्रमा ३,८३,५९५ जना बेरोजगार ब्यक्तिहरु सुचिकृत गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध भै सञ्चालन हुने १४ अर्व रुपैंयाको ५ वर्षे युवारुप(युवारोजगारीका लागि रुपान्तरण पहल आयोजना)आयोजनाको सम्झौता भई कार्यान्वयन भईरहेको छ ।

ख) वैदेशिक रोजगार

- कुवेत, युएई, साउदी अरब, कतार, मलेसिया र रोमानिया लगायत १२ वटा नेपाली नियोगहरु र राहदानी विभाग तथा अध्यागमन विभागलाई वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS)मा आवद्ध गराई अनलाइन स्टिकरको ब्यवस्था,अनलाईन पालो प्रणाली एवं मोबाइलबाट सुचना दिई श्रम स्वीकृति र पुनः श्रम स्वीकृति अनलाइन प्रणालीमार्फत प्रदान गर्न थालिएको छ ।
- वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्न राष्ट्रिय आप्रवासी स्रोत केन्द्र मार्फत ३९ जिल्लामा आप्रवासी स्रोत केन्द्रबाट२,९२० जना मनोसामाजिक परामर्श र ३,१८० जनालाई वित्तिय साक्षरता प्रदान गरिएको छ ।
- वैदेशिक रोजगार व्यवसायी (Recruiting Agencies) का शेयरधनीहरु र कर्मचारीहरुको विवरण विभागको वेबसाइटमा अद्यावधिक गराउने कार्य गरिएको साथैवैदेशिक रोजगारमा आउने उजुरी सम्बोधन गर्न विभागमा नै मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।
- वैदेशिक रोजगार विभागवाट आ.व. २०७६/७७ माश्रम स्वीकृति लिने श्रमिकको सँख्या १,९०,४५३ र पुनः श्रम स्वीकृती प्रदान संख्या ३,६८,४३३ रहेको छ।
- २०७७ असार मसान्त सम्म ९ वटा देशहरु(कतार, संयुक्त अरव इमिरेट्स, दक्षिण कोरिया, बहराईन, जापान, इजराइल, जोर्डन मलेसिया र मौरिसस) संग श्रम सम्झौता भएका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
नेपाल सरकार
सिंहदरवार, काठमाडौं

ग) सामाजिक सुरक्षा

- योगदानमा आधारित सामाजिक सुरक्षा योजना (SCHEME) मा हालसम्म सुचीकृतभएका योगदानकर्ताको सङ्ख्या १,७२,३५० र प्रतिष्ठान सँख्या १२,६४३ रहेका छन ।साथै उक्त कोषमा हालसम्म रु.१ अर्व ७० करोड २६ लाख रकम जम्मा रहेको छ ।

घ) श्रम सम्वन्ध

- १००१ वटा प्रतिष्ठानमा वालश्रम निरिक्षण गरिएको, १६५३ प्रतिष्ठानमा श्रम अडिट गरिएको छ ।
- बालश्रम निवारण राष्ट्रिय गुरुयोजना कार्यान्वयन कार्ययोजना कार्यान्वयन सुरु गरिएको छ।
- Equal Remuneration Convention, 1951 (C100) र Discrimination (Employment & Occupation), 1958 (C111) लगायत ११ वटा प्रतिवेदन परराष्ट्र मन्त्रालय मार्फत अन्तर्राष्ट्रिय श्रम संगठनमा पठाईएको छ ।

ङ) सीप विकास

- रोजगारीमूलक सीप विकास तालिम प्रदान गर्न कार्यस्थलमा आधारित तालिमनिजी क्षेत्रसँग साझेदारीमा सञ्चालनमा आएको छ ।
- विभिन्न विषय क्षेत्रमा रोजगारमूलक तालिम ७२३७ जनालाइ उपलब्ध गराएको छ ।

च) सुशासन

- गत आ.व. मा यस मन्त्रालय अन्तर्गत ११ वटाप्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको वित्तीय प्रगति ९१ प्रतिशत रहेको छ ।
- आ.ब. २०७६/७७ मा यस मन्त्रालयको कूल माइलस्टोन संख्या १४४ रहेकोमा ७५ प्रतिशत कार्य प्रगति हाँसिल भएको छ ।
- कल सेन्टर, टोल फ्री नम्बर मार्फतसेवाग्राहिहरुको ३९१६ गुनासो सम्बोधन भएको छ ।
- आ.ब. २०७६/७७ मा यस मन्त्रालयको बेरुजु फछ्यौट ५५ प्रतिशत र कार्यालयमा प्राप्त गुनासो ७२ प्रतिशत फछ्यौट भएको छ।

२. आ.ब. २०७६/७७ मा तर्जुमा एवं संसोधन गरिएका प्रमुख कानूनी ब्यवस्था र अध्ययन गरिएका विषयहरु

(क) अध्ययन प्रतिवेदनमा दिएका विषयहरु

- वैदेशिक रोजगारको विद्यमान अवस्थाको विश्लेषण सहितको "नेपाल श्रम आप्रवासन प्रतिवेदन,२०७७" सार्वजनिक गरेको छ ।
- "नेपाली कामदारको सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम आप्रवासनको प्रवृत्ति अध्ययन" गराई प्रतिवेदन प्राप्त भएको छ ।
- "बैदेशिक रोजगार परिषद स्थापना" सम्वन्धी अध्ययन गराई प्रतिवेदन प्रात गरेको छ ।
- "क्रुजमा काम गर्ने कामदारहरुको सम्भाव्यता अध्ययन" भई प्रतिवेदन प्राप्त भएको छ ।
- "वैदेशिक रोजगारीवाट फर्किएका र कोभिड १९ का कारणले समस्यामा परेका नेपाली श्रमिकहरुको अपेक्षा र समाधान" बिषयक अध्ययन गरि प्रतिवेदन प्राप्त गरेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिन रोजगारीमा खटिने श्रमिकहरुको दुईटना बीमा अन्तर्गत ६ महिना अवधिका लागि सामूहिक दुर्घटना बीमाका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग सम्झौता भएको थियो ।
- श्रमिक सुचना बैक स्थापना र श्रम (वित्तिय)बैक गठन सम्वन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको छ ।

(ख) नयाँ तर्जुमा तथा जारी भएका कानूनहरु

- कोभिड १९ विश्वव्यापी संक्रमणको कारण वैदेशिक रोजगारीका क्रममा अलपत्र परेका नेपाली कामदारको उद्धार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७
- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६
- युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (POM), २०७६
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६
- बेरोजगार सुचिकरण तथा प्राथमिकिकरण मार्गदर्शन,२०७६
- ग्लोवल कम्प्याक्ट फर माईग्रेशन कार्यान्वयनको लागि "नेपालको कार्यान्वयन रणनीति" तर्जुमाको कार्य अघि बढाएको छ ।

- वैदेशिक रोजगार ऐन २०६४ मा समयसामयिक परिमार्जनको लागि प्रस्तावित परिमार्जनको मस्यौदा तयार भएको छ ।
- वैदेशिक रोजगारीवाट फर्किएकाहरुको लागि पुनःएकिकरण कार्यविधिको मस्यौदा तयारी गरिएको छ ।
- रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६

(ग) संसोधन भएका कानूनहरु

- बैदेशिक रोजगार नियमावली, २०६४
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५
- निर्माण व्यवसायीले निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम रोजगार सेवा केन्द्रमा सूचीकृत भएका वेरोजगार व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने नीतिगत व्यवस्था सार्वजनिक खरिद नियमावली, २०७५ मा थप गरिएको छ ।

३. कोभिड १९ का सन्दर्भमा भएका प्रमुख कार्यहरु

- कोभिड-१९को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा नेपाली नागरिकलाई स्वदेश फर्किन सहजीकरण गर्ने कार्य गरेको छ ।
- बैदेशिक रोजगार बोर्डद्वारा श्रमिकहरुको पुनःस्थापना तथा पुनःएकीकरण सम्बन्धमा अध्ययन गरी कार्ययोजना र कार्यविधि तर्जुमागरिएको र उक्त कार्यविधी स्वीकृतिको चरणमा रहेको छ ।
- कोभिड-१९को विषम परिस्थितिमा विदेशमा मृत्यु भएका कामदारहरुको शव स्वदेशमा ल्याउनका लागि असहज अवस्थालाई मध्यनजर गरी सम्बन्धित परिवारका हकवालालाई सान्तवना स्वरुप वैदेशिक रोजगार बोर्डबाट थप रु ५० हजार आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था अनुरुप १७२ शवलाई सम्वन्धित देशमा नै दाहसँस्कार गरिएको । २५१ शवलाई नेपालमा ल्याई सम्वन्धित परिवारलाई जिम्मा लगाईएको यसका निम्ति वैदेशिक रोजगार वोर्डबाट १८,२१,४९२ खर्च भएको छ।
- कोभिड-१९ले श्रमिक वर्गलाई पारेको प्रभावलाई सम्बोधन गर्न कोभिड-१९ तत्काल रोजगार कार्यक्रमको गृहकार्य भएको छ ।
- कोभिड १९ कारणले अति प्रभावित हुने सामाजिक सुरक्षा कोषमा आवद्ध भएका प्रतिष्ठानमा कार्यरत श्रमिकको २०७६ चैत्र महिनामा जम्मा गर्नुपर्ने आधारभुत पारिश्रमिकको ११ प्रतिशत श्रमिकको तर्फबाट तथा २० प्रतिशत रोजगारदाताहरुको

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

तर्फबाट गरी जम्मा ३१ प्रतिशत बमोजिम हुन आउने योगदान रकमरु १८ करोड६६ हजार नेपाल सरकारबाट सामाजिक सुरक्षा कोषमा भुक्तानी भएको साथै बैशाख, जेष्ठ र असारको निम्ति रु ८५ करोड २३ लाख ४० हजार रकम निकासाका निम्ति अर्थ मन्त्रालय अनुरोध गरिएको छ।

- कोभिड १९ को कारण रोजगारी गुमाएका व्यक्तिहरुलाई उद्दार सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम कार्य भइरहेको छ ।

## ४. आ.व. २०७७/७८ का प्राथमिकताहरु

नेपाल सरकार (कार्यविभाजन) नियमावली २०७४ अनुसार यस मन्त्रालयको क्षेत्राधिकार अन्तरगत चालु आ.व.को बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका मन्त्रालयका माईलस्टोनमा निर्धारण भएका विषयहरुका साथै कोभिड १९ ले पारेको प्रभाव समेतलाई मध्यनजर गरि चालु आ.व. का निम्ति देहाय वमोजिम प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यन्वयनका क्रममा रहेको र सोही अनुरुप नतिजा उन्मुख रहेको छ ।

१. सार्वजनिक, निजी क्षेत्र र विशेष कार्यक्रम मार्फत ५,००,००० रोजगारी सृजना गर्ने लक्ष्य अनुरुप प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २,००,००० जनालाई रोजगारी प्रदान गरिनेछ ।

२. योगदानमाआधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुने लाभग्राहीको संख्या ५,००,००० पुऱ्याउने साथै सामाजिक सुरक्षामा आबद्ध प्रतिष्ठान संबद्ध श्रमिकको संख्या ५० प्रतिशत पुऱ्याइनेछ।

३. अनौपचारिक तथा स्वरोजगारमा रहेका श्रमिक र सार्वजनिक निकायमा रहेका अस्थाई तथा करारका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध  गर्न अध्ययन कार्यदल मार्फत कार्य भईरहेको छ ।

४. सबै स्थानीय तहमा संचालनमा रहेको रोजगार व्यवस्थापन सूचना प्रणालीमा आवद्ध रहने गरी श्रमिक सूचना बैंक सुरु गरिएको छ।

५. SAARC Technical Committee on Labour Migrationको बैठक आयोजना गरिने ।

६. विभिन्न प्रतिष्ठानमा कार्यरत श्रमिकहरुले प्राप्त गर्नुपर्ने न्यूनतम पारिश्रमिक रकमको पुनरावलोकन गरिने साथै प्रतिष्ठानमा काम गर्ने श्रमिकहरुको सामुहिक विमा गरिने कार्यक्रम अगाडि बढाइने छ ।

७. प्रदेश र स्थानीय तहको सहकार्यमा ३०,००० गरी जम्मा ६२३४० जनालाई रोजगारमूलक तालिम दिने र मन्त्रालय अन्तरगत रहेका ३ वटा सीप विकास तालिम प्रतिष्ठानहरुको स्तरोन्नती गरिनेछ ।

८. विदेशमा अलपत्र वा कठिनाईमा परेकालाई तत्काल उद्धार र राहत प्रदान गर्न विदेशस्थित (साउदी अरव, कुवेत, दुवई, ओमान, कतार, मलेसिया र वहराइन)७ वटा नेपाली कुटनीतिक नियोगहरुमा सेल्टर हाउस संचालनमा ल्याइने छ ।

९. ३००० प्रतिष्ठानमा श्रम अडिट, १,००० प्रतिष्ठानको निरीक्षण र न्युनतम पारिश्रमिक पालना गर्ने प्रतिष्ठानको संख्या१,००० थप गरिने छ ।

१०. बालश्रम निरीक्षण यसवर्ष १,००० प्रतिष्ठानमा गर्ने र २५ वटा स्थानीय तहलाई बालश्रम मुक्त घोषणा गर्ने कार्यक्रममा सहकार्य गरिनेछ ।

११. वैदेशिक रोजगारी सम्बन्धी सामाजिक, प्रभाव विश्लेषण अध्ययन गरिने साथै वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुको लागि पुरस्कार व्यवस्था गरिने छ।

१२. जापान, कोरिया लगायतका जीटुजी प्रणाली मार्फत वैदेशिक रोजगारीमा पठाइने देशहरुमा छिटो र सहज रुपमा जान सक्ने विधि र संरचनाको सुधार गरिने छ ।

१३. वैदेशिक रोजगारीका लागि सम्भाव्य र सुरक्षित देखिएका गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता (MOU) गर्न पहल गरिनेछ।

१४. विभिन्न श्रम गन्तव्य मुलुकहरुमा कामको सिलसिलामा गएका कामदारहरुलाई Detect गर्ने प्रविधीको विकास गर्ने र बैदेशिक रोजगारीमा गएका श्रमिकहरुको घरमा इन्टरनेट सुविधा जडान गरी श्रमिकलाई निजको परिवारसँग इन्टरनेटको माध्यमबाट निरन्तर सम्पर्क कायम गर्न सक्ने वातावरणको सिर्जना गरिनेछ ।

१५. बैदेशिक रोजगार नीति, २०६८, बैदेशिक रोजगार ऐन २०६४, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन २०७४, बैदेशिक रोजगार नियमावली २०६४, नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका २०६६ र रोजगारमुलक सीप, योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यविधी २०७५ लाई संसोधन गरिने छ।

१६. ब्यवसायिक तथा सीपमुलक तालिम एकीकृत नीति, सामाजिक सुरक्षा एकीकृत नीति, राष्ट्रिय रोजगार प्राधिकरण गठन सम्बन्धी विधेयक, श्रमिक सुचना बैंक संचालन सम्बन्धी विधेयक तयार गरिनेछ।

१७. बैदेशिक रोजगारबाट फर्केका कामदारहरुको पुनर्एकीकरण कार्यक्रम संचालन तथा ब्यवस्थापन कार्यविधी,जीटुजी प्रणाली अन्तर्गत इजरायल कामदार पठाउने सम्बन्धी कार्यविधी, बैदेशिक रोजगार ब्यवसायी कोष संचालन कार्यविधी, Sea Farer का रुपमा कामदार पठाउने सम्बन्धी कार्यविधी, ईपिएस प्रारम्भिक अभिमुखीकरण कार्यक्रम सम्बन्धी कार्यविधी, लागत साझेदारीमा संचालन हुने सीपमुलक तालिम सम्बन्धी कार्यविधीको तर्जुमा गरिनेछ ।

**धन्यवाद !**